शोध-संक्षेप

अंक ३३ असार २०७९ (June 2022)

# मधेश प्रदेशमा मानविकी र सामाजिक विज्ञानको अध्ययन-अध्यापन र अनुसन्धान

मार्टिन चौतारी

# मधेश प्रदेशमा मानविकी र सामाजिक विज्ञानको अध्ययन-अध्यापन र अनुसन्धान

शोध-संक्षेप, अंक ३३

मार्टिन चौतारी

## मधेश प्रदेशमा मानविकी र सामाजिक विज्ञानको अध्ययन-अध्यापन र अनुसन्धान

**यो शोध-संक्षेप उद्धृत गर्न :**

मार्टिन चौतारी। २०७९। *मधेश प्रदेशमा मानविकी र सामाजिक विज्ञानको अध्ययन-अध्यापन र अनुसन्धान*। शोध-संक्षेप अंक ३३। काठमाडौँ : मार्टिन चौतारी। Available at http://martinchautari.org.np/storage/files/Research-Brief-33_Madhes-pradeshma-manaviki-ra-samajik-vigyanko-adhyayan-adhyapan-ra-anusandhan.pdf

*प्रकाशक*

मार्टिन चौतारी

२७ जीतजंग मार्ग, थापाथली

पोष्ट बक्स नं. १३४७०, काठमाडौँ, नेपाल

फोन : +९७७-१-५३३८०५०/४१०२०२७

इमेल : chautari@mos.com.np

वेबसाइट : www.martinchautari.org.np

## परिचय

नेपालमा मानविकी र सामाजिक विज्ञानको शिक्षण र अनुसन्धानको स्थिति समीक्षा गर्दा सामाजिकशास्त्रीहरूले आफ्ना अध्ययनलाई मुख्यत: काठमाडौँ उपत्यकाका शैक्षिक संस्थामा सीमित राखेका छन् ।[1] त्यसैकारण नेपालका अधिकांश भागमा मानविकी र सामाजिक विज्ञानको शिक्षण र अनुसन्धानको अवस्थाबारे हामीसँग पर्याप्त जानकारी छैन। त्यस्तै, सन् १९५९ मा त्रिभुवन विश्वविद्यालय (त्रि.वि.) स्थापना हुनुअघि खुलेका कलेजहरूबारे धेरै लेखिएको छैन; त्यसैले ती कलेजबारे पनि हामी थोरै मात्र जानकार छौँ।

मधेश प्रदेशमा[2] मानविकी र सामाजिक विज्ञानको अवस्थामा यो शोध-संक्षेप केन्द्रित हुनाका चार मुख्य कारण छन्। पहिलो, यो प्रदेश अन्तर्गतका आठ जिल्ला—सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा—ले नेपालको लगभग ६.६ प्रतिशत भौगोलिक क्षेत्र ओगट्ने भए पनि देशको कुल जनसंख्याको २०.४ प्रतिशत यसै प्रदेशमा बसोबास गर्छन्। यो नेपालको सबैभन्दा बढी जनघनत्व भएको प्रदेश हो (जीओएन २०२० : १९)। समृद्ध भाषिक, साहित्यिक र कलात्मक परम्परा रहेको यो प्रदेश मानविकी र सामाजिक विज्ञानको शिक्षण र अनुसन्धान बारेका राष्ट्रिय छलफलहरूमा सधैँ ओझेलमा पर्छ । दोस्रो, सामाजिक सूचकका दृष्टिले यो प्रदेश अरू प्रदेशभन्दा पछाडि छ (हेर्नुहोस् नेपाल सरकार २०७६)। यो प्रदेशको साक्षरता दर एवं स्कूल जाने उमेरका बालबालिकाको शैक्षिक संस्थामा पहुँचको तथ्यांक पनि त्यति उत्साहजनक छैन। तेस्रो, हालैका वर्षहरूमा यो प्रदेशमा मानविकी र सामाजिक विज्ञानको अवस्था खस्केको यहाँका अभिजात वर्ग विश्वास गर्छन्। कुराकानी गरिएका मधेश प्रदेशका क्याम्पसमा प्राध्यापनरत शिक्षकहरू धेरैले उच्च शिक्षाको अवस्था विगतमा तुलनात्मक रूपमा राम्रो रहेको बताएका थिए। साथै, उच्च शिक्षाको गुणस्तर सन् १९९० पछि क्रमश: खस्किन थालेको र सन् २००७ को पहिलो मधेश विद्रोह तथा सन् २००८ मा नेपाललाई गणतन्त्र घोषणा गरेपछि झनै खस्किएको उनीहरूको दाबी

[1] यो प्रवृत्तिमा केही अपवाद पनि छन्; उदाहरणका लागि पराजुली (सन् २००८) हेर्नुहोस्।

[2] वि.सं. २०७२ मा नयाँ संविधान तयार भएयता प्रदेश २ भनेर चिनिने यो प्रदेशलाई त्यहाँको व्यवस्थापिकाले यसै वर्षको प्रारम्भ (जनवरी २०२२) मा मधेश नामकरण गरेको हो।

छ। मधेश प्रदेशका क्याम्पसमा हुने/भइरहेका अध्ययन-अध्यापन र अनुसन्धानका गतिविधि बुझ्न यो शोध-संक्षेपले मद्दत गर्छ। साथै, यसले भविष्यमा मधेश प्रदेशमा थप विस्तृत अध्ययन गर्नका लागि आधारभूमि समेत तयार गर्छ।

कुनै समय देशकै जल्दाबल्दामध्ये गनिने यो क्षेत्रका उच्च शिक्षा संस्थाहरू पछिल्ला दशकमा "संकट" सामना गरिरहेका छन् भन्ने बुझाइ यस प्रदेशका अभिजात वर्गमा व्याप्त छ। विगत र वर्तमानमा शैक्षिक संस्थाहरूमा देखिने गरेको अनुशासन (वा यसको अभाव) र विद्यार्थीहरूको शैक्षिक उपलब्धि सम्बन्धी तुलनात्मक तथ्यांकले त्यस्ता बुझाइलाई मलजल गरेका छन्। यद्यपि, मधेशमा रहेका सार्वजनिक उच्च शिक्षा संस्थाहरू संकटापन्न छन् भन्ने बुझाइमा कति सत्यता छ त्यसलाई पुष्टि गर्ने पर्याप्त तथ्यांक सहज उपलब्ध छैनन्। तसर्थ, यो शोध-संक्षेप मधेश प्रदेशमा मानविकी र सामाजिक विज्ञानको वर्तमान अवस्थामा मात्र केन्द्रित छ। यो प्रदेशका सार्वजनिक क्याम्पसहरूमा मानविकी र सामाजिक विज्ञानका विषयमा विद्यार्थी भर्ना न्यून रहेको र सँगै तिनमा अनुसन्धानमा रुचि नभएको यसले देखाउँछ। फलस्वरूप, मधेश प्रदेशमा मानविकी र सामाजिक विज्ञानको अध्ययन-अध्यापन र अनुसन्धानको अवस्था दयनीय छ भन्ने निष्कर्ष यो शोध-संक्षेपले निकालेको छ।

मुलुकको सबैभन्दा पुरानो र ठूलो त्रिभुवन विश्वविद्यालय (त्रि.वि.) का चारओटा आंगिक[३] क्याम्पसमा केन्द्रित रही यो संक्षेपमा मधेश प्रदेशमा मानविकी र सामाजिक विज्ञानको अध्ययन-अध्यापन र अनुसन्धानको अवस्थाबारे लेखाजोखा गरिएको छ। ती चार क्याम्पस यस प्रकार छन् : १) सप्तरीको राजविराजस्थित महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस (म.वि.ब. क्याम्पस, स्थापना सन् १९५७); २) सिराहाको सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस (सू.स.मो.या.ब. क्याम्पस, स्थापना वि.सं २०२४); ३) धनुषाको जनकपुरमा अवस्थित रामस्वरूप रामसागर बहुमुखी क्याम्पस (रा.रा.ब. क्याम्पस, स्थापना १९५७); र ४) पर्साको वीरगञ्जस्थित ठाकुरराम बहुमुखी क्याम्पस (ठा.रा.ब. क्याम्पस, स्थापना १९५२)। मूलत: दुई कारणले त्रि.वि.का यी चार आंगिक क्याम्पस अध्ययनका लागि रोजिएको

[३] नेपालका विभिन्न जिल्लामा त्रि.वि.का ६० आंगिक क्याम्पस छन् भने त्रि.वि. बाट सम्बन्धन लिएर १,००० भन्दा बढी सामुदायिक/निजी क्याम्पस सञ्चालित छन्।

हो । पहिलो, मधेश प्रदेशमा रहेका सामुदायिक र निजी क्याम्पसहरूमा मानविकी र सामाजिक विज्ञानका विषयहरूमा भर्ना भएका विद्यार्थीको संख्या त्रि.वि.का आंगिक क्याम्पसहरूमा तिनै विषयमा भर्ना भएका विद्यार्थीहरूको तुलनामा नगण्य छ । दोस्रो, यी चारमध्ये तीन क्याम्पस त्रि.वि.को स्थापना (सन् १९५९) हुनुअघि नै खुलिसकेका थिए ।

सेप्टेम्बर-नोभेम्बर २०२१ को बीचमा यी चार क्याम्पसमा स्थलगत अध्ययन गरिएको हो । अध्ययन क्रममा विद्यार्थी, सेवारत र सेवानिवृत्त शिक्षक र क्याम्पस प्रशासकसँग औपचारिक/अनौपचारिक अन्तरक्रिया गरियो । साथै, ती क्याम्पसहरूबाट प्रकाशित पाठ्यक्रम, जर्नल र स्मारिका जस्ता सामग्री अध्ययन गरिएको थियो । सम्बन्धित क्याम्पसबाट शिक्षक र विद्यार्थी संख्या सम्बन्धी तथ्यांक पनि संकलन गरी केलाइयो । पुस्तकालय र अन्य अनुसन्धान पूर्वाधारको अवस्था पनि अवलोकन गरियो । साथै, केही व्यक्तिसँग टेलिफोन मार्फत कुराकानी समेत गरिएको थियो ।

परिचय बाहेक यस शोध-संक्षेपमा तीन खण्ड छन् । आउने खण्डले विद्यार्थी भर्ना र शिक्षक संख्याको तथ्यांकीय विवरण प्रस्तुत गर्छ । त्यसपछिको खण्डले मधेश प्रदेशका क्याम्पसहरूमा मानविकी र सामाजिक विज्ञानका अनुसन्धाताहरूको उत्पादनमा भएका कमजोरी केलाउँछ । अन्तिम खण्डले मुख्य निष्कर्षको बृहत् असरबारे चर्चा गर्छ ।

## मानविकी र सामाजिक विज्ञान अध्ययन-अध्यापनको अवस्था

नेपालभरि मानविकी र सामाजिक विज्ञानका विषयमा भर्ना भएका कुल विद्यार्थीमध्ये मधेश प्रदेशका क्याम्पसहरूमा ती विषय पढ्न भर्ना भएका विद्यार्थीको संख्या ४ प्रतिशतभन्दा कम (३.९०%) छ । यो संख्या कर्णाली प्रदेशको (३.४१%) भन्दा थोरै मात्र बढी हो (हेर्नुहोस् तालिका १) ।[४] विभिन्न विषयमा उच्च शिक्षामा

[४] विज्ञान तथा प्रविधि सम्बन्धी विषयहरूलाई राज्यले दिएको संरक्षणका कारण मानविकी र सामाजिक विज्ञान अन्तर्गतका विषयमा भर्ना घट्दै गएको छ भन्ने विश्वास समेत अध्ययनका क्रममा पाइयो । यद्यपि, देश भरका विद्यार्थीमध्ये २२.१७ प्रतिशत विद्यार्थी मात्र विज्ञान र प्रविधि विषय (कृषि, औषधि, आयुर्वेद,

भर्ना भएका विद्यार्थीको प्रादेशिक वितरणमा देखिएको असमानता चिन्ताजनक छ । उदाहरणका लागि, मानविकी र सामाजिक विज्ञानका विषयमा मुलुकभर भर्ना भएका विद्यार्थीको ठूलो हिस्सा (६३.४८%) बाग्मती प्रदेशले ओगट्छ । विज्ञान तथा प्रविधि, इन्जिनियरिङ र चिकित्सा शास्त्र जस्ता विषयमा पनि यही अवस्था छ (हेर्नुहोस् तालिका १) ।

**तालिका १: विभिन्न विषयमा विद्यार्थी भर्नाको प्रादेशिक वितरण (प्रतिशतमा)**

| विषय/संकाय | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | एक | मधेश | बाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
| मानविकी र सामाजिक विज्ञान | ८.५७ | ३.९० | ६३.४८ | ४.७२ | ८.२७ | ३.४१ | ७.६४ |
| व्यवस्थापन | १२.४६ | ७.५७ | ४९.५१ | ९.३९ | १२.६२ | २.०० | ६.४७ |
| शिक्षा | १५.३७ | १३.५७ | १९.६५ | ९.४१ | १७.६८ | १२.१५ | १२.१७ |
| विज्ञान तथा प्रविधि | ११.१९ | ४.२९ | ६६.११ | ५.२८ | ८.२३ | १.२३ | ३.६६ |
| इन्जिनियरिङ | ६.७९ | २.६४ | ७२.४१ | १०.५९ | ३.३७ | २.४० | १.७९ |
| औषधी | १३.६९ | २.८० | ६०.८२ | ९.६९ | १२.७९ | ०.२१ | ०.०० |
| कृषि | १०.६५ | २.८६ | ४३.४१ | १०.४३ | १८.९५ | २.३३ | ११.३६ |
| **सबै विषयमा कुल विद्यार्थी** | **११.९४** | **७.३०** | **४९.४०** | **८.६३** | **१२.१४** | **३.९४** | **६.६६** |

*स्रोत : यूजीसी (सन् २०२१)*

भेटेरेनरी, मत्स्य पालन, इन्जिनियरिङ, इत्यादि) मा भर्ना भएका छन्, जब कि मानविकी र सामाजिक विज्ञानमा भर्ना हुनेको संख्या १२.६१ प्रतिशत छ । मधेश प्रदेशमा विज्ञान तथा प्रविधिका विषयहरूमा (सबै सम्बद्ध विज्ञान र प्रविधि विषयहरू सहित) विद्यार्थीहरूको भर्ना राष्ट्रिय कुलको ३.२३ प्रतिशत मात्र छ । यो सुदूरपश्चिम (२.४४%) र कर्णाली (१.३२%) प्रदेशको सोही तथ्यांकको तुलनामा थोरैले बढी हो । सबै विज्ञान र प्रविधिका विषयहरूको संयुक्त तथ्यांकको लागि यूजीसी (सन् २०२१) हेर्नुहोस् ।

मधेश प्रदेशमा रहेका त्रि.वि.का चार ओटै आंगिक क्याम्पस अचेल यसै सुनसान देखिन्छन्। त्यसमा पनि मानविकी र सामाजिक विज्ञान विषयमा भर्ना हुने विद्यार्थीको संख्या झनै सानो छ। खास गरी कमजोर आर्थिक वर्गका, सीमान्तकृत समूहका र महिला विद्यार्थीहरू त्रि.वि.का क्षेत्रीय आंगिक क्याम्पसमा भर्ना हुन्छन्। र, भर्ना भएकैमध्ये पनि ठूलो हिस्सा क्याम्पसमा प्रायः अनुपस्थित रहन्छन्। थोरै विद्यार्थी भर्ना भएकाले क्याम्पस प्रशासकहरू निराश छन्। मानविकी र सामाजिक विज्ञानका विषयहरू शिक्षक र प्रशासकहरूका लागि बोझ बनेको भन्दै उनीहरू ती विषय पढाउनै बन्द गरिदिए हुन्छ समेत भन्छन्।[५]

उदाहरणका लागि, राजविराजको म.वि.ब. क्याम्पसमा मानविकी र सामाजिक विज्ञानका १८ ओटा विषयमा स्नातक र स्नातकोत्तर तहमा गरी कुल ४०० विद्यार्थी पढ्छन्।[६] तीमध्ये १०० भन्दा कम विद्यार्थी स्नातक तहमा भर्ना भएका छन्। संस्कृति, मनोविज्ञान जस्ता विषयमा स्नातक तहमा विद्यार्थी नै छैनन्। भूगोलमा विद्यार्थी र शिक्षक दुवै छैनन्। स्नातकोत्तर तहमा भर्ना भएका अधिकांश विद्यार्थी अर्थशास्त्र र समाजशास्त्र पढिरहेका छन्। यद्यपि, भर्ना भएका धेरै विद्यार्थी नियमित रूपमा कक्षामा विरलै उपस्थित हुन्छन्। २०७७ सालको एम.ए. चौथो सेमेस्टरको परीक्षामा अर्थशास्त्रमा एक जना मात्रै र समाजशास्त्रमा ३६ जना विद्यार्थी सहभागी भएको कुरा उक्त क्याम्पसको परीक्षा विभागबाट थाहा भयो। तल्लो दर्जाका सुरक्षाकर्मीहरू (नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाका) मानविकी र सामाजिक विज्ञानका विषयहरूमा स्नातक तहमा भर्ना भएका छन् तर उनीहरू विरलै कक्षामा उपस्थित हुन्छन्।[७] पदोन्नतिको लागि आवश्यक प्रमाणपत्र प्राप्त गर्न मात्र उनीहरू भर्ना भएका हुन् भन्ने प्रस्ट बुझिन्छ।

जनकपुरको रा.रा.ब. क्याम्पसको कथा पनि राजविराजको भन्दा खास फरक छैन। यो क्याम्पसमा स्नातक तहमा कम्तीमा १५ ओटा विषय र स्नातकोत्तर तहमा छ ओटा विषय (समाजशास्त्र, अर्थशास्त्र, जनसंख्या अध्ययन, राजनीतिशास्त्र,

[५] रा.रा.ब. क्याम्पस जनकपुर र म.वि.ब. क्याम्पस राजविराजमा गरिएको अनौपचारिक कुराकानी।

[६] म.वि.ब. क्याम्पसमा विद्यार्थीहरूको कुल संख्या लगभग २,३०० छ। चन्डेश्वर प्रसाद यादवसँग जनवरी १८, २०२२ मा गरिएको टेलिफोन कुराकानी।

[७] म.वि.ब. क्याम्पस राजविराजमा गरिएको अनौपचारिक कुराकानी।

नेपाली र अंग्रेजी) पढाइन्छ। कुल ३,५०० भन्दा बढी विद्यार्थीमध्ये ३०० भन्दा कम विद्यार्थी स्नातक र लगभग ७०० विद्यार्थी स्नातकोत्तर तहमा मानविकी र सामाजिक विज्ञानका विषयहरूमा भर्ना भएका छन्। तर, करिब सय विद्यार्थीले मात्रै नियमित कक्षा लिन्छन्, र तीमध्ये अधिकांश समाजशास्त्र पढ्छन्। अरू विषयमा भने नियमित रूपमा कक्षा सञ्चालन हुँदैन।

सिराहाको सू.स.मो.या.ब. क्याम्पसमा पनि विद्यार्थी भर्नाको अवस्था सन्तोषजनक छैन। सन् १९७१ मा राष्ट्रिय शिक्षा पद्दतिको योजना (नयाँ शिक्षा) कार्यान्वयनपछि यो क्याम्पस राष्ट्रिय शिक्षक प्रशिक्षण केन्द्रका रूपमा देशभर परिचित थियो। तर अहिले त्यहाँ सो प्रशिक्षण केन्द्र छैन। यो क्याम्पसमा हाल ७०० भन्दा कम विद्यार्थी भर्ना भएका छन्। तीमध्ये आधाभन्दा बढी शिक्षा संकायमा अध्ययनरत छन्। साथै, १०० भन्दा कम मानविकी र सामाजिक विज्ञानका विषयहरू अध्ययन गरिरहेका छन्। क्याम्पसमा विद्यार्थीको नियमित उपस्थिति निकै कमजोर छ। यो क्याम्पसका शिक्षक अशोक कुमार यादव भन्छन् :

> कुनै पनि राम्रो विद्यार्थीले यो क्याम्पसमा भर्ना हुन आवेदन दिँदैनन्। विद्यार्थीहरू "प्लस टु" पढ्न काठमाडौँ र अरू ठाउँमा जान्छन्। विपन्न, पिछडिएका समुदायका विद्यार्थी र घरमा बस्ने महिलाले मात्र यहाँ पढ्न आवेदन दिन्छन्। पहिले पहिले सिन्धुली, उदयपुर र सप्तरी जिल्लाका विद्यार्थी समेत यहाँ पढ्न आउँथे। तर, प्रमाणपत्र तह हटेपछि यो क्याम्पस सुनसान भएको छ।[८]

मधेशका यी सार्वजनिक क्याम्पसहरूको "निर्जनता" ले त्यहाँ मानविकी र सामाजिक विज्ञान अध्ययन-अध्यापनको दयनीय अवस्था उजागर गर्छ। ती क्याम्पसमा मानविकी

[८] नोभेम्बर २०२१ मा नेपाली (शिक्षा संकाय) का शिक्षक यादव सँग गरिएको कुराकानी। सन् २००८ अघि विद्यालय शिक्षा (१० कक्षा) पूरा गरेपछि विद्यार्थीहरू प्रमाणपत्र तह पढ्न क्याम्पसमा भर्ना हुने गर्थे। तर सन् २००८ देखि प्रमाणपत्र तहलाई क्रमश: खारेज गर्दै लगियो र त्यसको ठाउँ दश जोड दुई (१०+२) भनिने उच्चमाध्यमिक तहले लियो। अहिले १२ कक्षासम्मलाई माध्यमिक तहमा गणना गरिन्छ।

र सामाजिक विज्ञान विषयमा उच्च शिक्षा अध्ययन र अनुसन्धानमा विद्यार्थीको आकर्षण नरहेको यसले देखाउँछ । अध्ययन गरिएका आंगिक क्याम्पसहरूमा शिक्षकको कुल संख्या थाहा पाउन सकिए पनि मानविकी र सामाजिक विज्ञानका विषयहरू पढाउने शिक्षकहरूको छुट्टाछुट्टै "यकिन तथ्यांक" पाउन गाह्रो छ । उदाहरणका लागि, म.वि.ब. क्याम्पस राजविराजमा ४५ जना स्थायी शिक्षक छन् (मानविकी र सामाजिक विज्ञानमा २०, विज्ञान तथा प्रविधिमा २०, व्यवस्थापनमा २, कानूनमा २ र शिक्षामा १) । साथै, त्यहाँ हाल २१ "आंशिक" (प्रति कक्षा पढाए बापत तलब पाउने) शिक्षक छन्, जसमध्ये मानविकी र सामाजिक विज्ञानमा १७, विज्ञान तथा प्रविधिमा २ र व्यवस्थापनमा २ जना छन् ।[९]

जनकपुरको रा.रा.ब. क्याम्पसमा मानविकी र सामाजिक विज्ञानको स्थितिलाई तीन तरिकाले बुझ्न सकिन्छ ।[१०] पहिलो, यो क्याम्पसमा मानविकी र सामाजिक विज्ञानका कुनै पनि विषयमा प्राध्यापक तहका शिक्षक छैनन् । राजनीतिशास्त्रमा विद्यार्थी भर्ना ठिकै देखिए पनि यो विषयमा कुनै स्थायी वा "करार" शिक्षक छैनन्, र "आंशिक" शिक्षककै भरमा कक्षाहरू चलिरहेका छन् । दोस्रो, नौ ओटा मानविकी र सामाजिक विज्ञान विषयहरू (नेपाली, हिन्दी, इतिहास, समाजशास्त्र, दर्शन, मनोविज्ञान, संस्कृति, जनसंख्या, र ग्रामीण विकास) मा प्रत्येकमा एक स्थायी शिक्षक छन् । चाखलाग्दो कुरा के छ भने भूगोलका त्यहाँ कुनै शिक्षक (स्थायी वा आंशिक) छैनन् । तेस्रो, मानविकी र सामाजिक विज्ञानका विषयहरूमा सह-प्राध्यापक, उप-प्राध्यापक, करार, र आंशिक गरी ४२ शिक्षक छन् । तर, स्नातक तहमा पढ्ने नियमित विद्यार्थीको संख्या थोरै छ । करिब आधा जति शिक्षक या त आंशिक छन्, या त "करार" का ।

[९] त्रि.वि.मा तीन थरि शिक्षक छन्—पहिलो "स्थायी" वाला, दोस्रो वार्षिक "करार" वाला र तेस्रो "आंशिक" वाला । वार्षिक करार (कोर्स-कन्ट्र्याक्ट) वालालाई "अस्थायी" प्रकृतिका शिक्षक भन्न मिल्छ । आंशिक शिक्षकलाई "दैनिक ज्यालादारी" भन्न मिल्छ; यिनले जति घण्टा/पिरियड पढायो सोही अनुरूप पारिश्रमिक पाउँछन् ।

[१०] ठा.रा.ब. क्याम्पस, म.वि.ब. क्याम्पस र सू.स.मो.या.ब. क्याम्पसका शिक्षकहरूको विस्तृत तथ्यांक उपलब्ध नभएकोले नोभेम्बर २५, २०२१ मा संकलन गरिएको रा.रा.ब. क्याम्पसको तथ्यांकलाई समग्र प्रवृत्ति बुझ्न उदाहरणका रूपमा लिइएको हो ।

सिराहाको सू.स.मो.या.ब. क्याम्पसमा हाल ४३ जना शिक्षक कार्यरत छन् । यसमा स्थायी, करार र आंशिक शिक्षक समावेश छन् । तर, क्याम्पसमा प्राध्यापक तहमा दरबन्दी भएका कुनै शिक्षक छैनन् । सन् २००६ तिरको तुलनामा शिक्षकको संख्या पनि उल्लेख्य घटेको छ । त्यति बेला अध्यापनरत ७६ जना शिक्षकमध्ये ५४ पूर्णकालीन २२ जना आंशिक थिए (हेर्नुहोस् भुदेर २०६२ : ३) । सन् २००८ देखि त्रि.वि.का आंगिक क्याम्पसहरूमा प्रमाणपत्र तहको पढाइ हटाइएपछि यो क्याम्पसमा शिक्षकको संख्या पनि घट्दै गएको हो ।

मानविकी र सामाजिक विज्ञानका विषयमा भर्ना भएका विद्यार्थीमध्ये धेरै जना नियमित रूपमा कक्षामा उपस्थित नहुने भएकाले यी क्याम्पसमा वास्तविक (अर्थात्, कक्षाभित्र) विद्यार्थी-शिक्षक अनुपात कम देखिन्छ । तसर्थ, सैद्धान्तिक रूपमा, कक्षामा उपस्थित हुने थोरै विद्यार्थीलाई सिकाउन र आफ्नै अनुसन्धान गर्न शिक्षकसँग प्रशस्त समय हुन्छ । यद्यपि त्यहाँ अध्यापन र अनुसन्धान दुवैको अवस्था सन्तोषजनक छैन । अबको खण्डमा यी क्याम्पसहरूमा अनुसन्धानको अवस्थाबारे चर्चा गरिन्छ ।

## अनुसन्धाताको उत्पादनमा संकट

अनुसन्धान र अनुसन्धाताको उत्पादनबीच पारस्परिक सम्बन्ध छ । पर्याप्त अनुसन्धाता भए अनुसन्धान सम्भव हुन्छ । यद्यपि, यो कथनले अनुसन्धान कसले गरिरहेको छ र यी अनुसन्धाता कहाँ अवस्थित छन् भन्ने कुरासँग सरोकार राख्दैन । अहिलेको मधेश प्रदेश लगायत नेपालको तराईसँग सम्बन्धित अनुसन्धान पहिला खासै भएको पाइँदैन, तर पछिल्ला दिनमा अनुसन्धान गर्ने व्यक्ति वा संस्थाको ध्यान तराईमा पनि केन्द्रित हुन थालेको छ । मार्टिन चौतारीले तयार गरेको दुई ओटा सन्दर्भ ग्रन्थ-सूचीले मात्र पनि नेपालको तराई/मधेश क्षेत्रलाई केन्द्रित गरी पछिल्ला दशकमा उल्लेख्य रूपले अनुसन्धान हुन थालेको तथा तराई/मधेश बारेमा लेख्न थालिएको देखाउँछ (हेर्नुहोस् रूपाखेती सन् २०००; विष्ट र मानन्धर सन् २००९) ।[११]

[११] तराई/मधेशमा मानविकी र सामाजिक विज्ञान अनुसन्धानको अद्यावधिक ग्रन्थ-सूची आवश्यक भैसकेको छ । मधेश सम्बन्धी केही नयाँ सामग्रीका लागि नेपाल मधेश फाउण्डेशनका प्रकाशनहरू, विशेष

नेपालको संघीय सरकार, विदेशी तथा नेपाली विश्वविद्यालय, प्राज्ञिक गैरसरकारी संस्था लगायतका विभिन्न संस्थागत पहलबाट तराई/मधेशसँग सम्बन्धित सामाजिक अनुसन्धान भइरहेका छन्। नेपाली र विदेशी दुवै थरी अनुसन्धाताले मधेश सम्बन्धी अनुसन्धान गरेका छन्। तसर्थ, मधेश प्रदेशसँग सम्बन्धित अनुसन्धानको उत्पादन हेर्ने हो भने उल्लेख्य काम भएको छ भन्न सकिन्छ। तर, ती अनुसन्धान धेरैजसो मधेश प्रदेश बाहिरका अनुसन्धाताले गरिरहेका छन्। अर्थात्, मधेश प्रदेशमा रहेका अनुसन्धाताले प्रदेशको ज्ञान उत्पादनमा योगदान दिइरहेका छैनन्। यसले अनुसन्धान जनशक्ति उपलब्धताका हिसावले मधेश प्रदेशमा मानविकी र सामाजिक विज्ञान अनुसन्धान क्षमता कमजोर छ भन्ने संकेत गर्छ। मधेश प्रदेशमा रहेका त्रि.वि.का चार आंगिक क्याम्पसमा मानविकी/सामाजिक विज्ञानका क्षेत्रमा खासै अनुसन्धान अभ्यास भइरहेको नदेखिनुले त्यो कमजोरीलाई उजागर गर्छ।

यसले मधेश प्रदेशसँग सम्बन्धित अनुसन्धान र त्यहाँ अनुसन्धाता तयार पार्ने प्रक्रियालाई अलग गरेर विश्लेषण गर्नुपर्ने आवश्यकता औँल्याउँछ। यसका लागि हामी भारतीय समाजशास्त्री सतिश देशपाण्डेको विचार सापटी लिन सक्छौं, जसले दक्षिण एशियामा सामाजिक विज्ञान अनुसन्धानको क्षमता सम्बन्धी छलफलका लागि केही महत्त्वपूर्ण प्रश्न उठाएका छन्। दुई दशकअघि उनले "दक्षिण एशियाली सामाजिक विज्ञान अनुसन्धान क्षमतामा मुख्य संकट अनुसन्धानको उत्पादनमा भन्दा पनि अनुसन्धाताको उत्पादनमा छ" भनेका थिए (देशपाण्डे २००२ : ३६२८)। उनको कथनलाई केही परिमार्जन गर्दै हामी मधेश प्रदेशसँग सम्बन्धित मानविकी र सामाजिक विज्ञान अनुसन्धानमा देखिएको संकट प्रदेशबारे अनुसन्धान नभएर भन्दा पनि प्रदेशभित्र दक्ष अनुसन्धाता उत्पादन हुन नसकेर हो भन्न सक्छौँ। यसका पछाडि विभिन्न कारण हुन सक्छन्। पहिलो, सक्षम अनुसन्धाता बन्न विद्यार्थीलाई उचित तालिमको अभाव छ। अर्की भारतीय समाजशास्त्री वीणा दास विद्यार्थीका लागि अनुसन्धान-प्रशिक्षणको महत्त्व दर्शाउँदै भन्छिन् :

---

गरी *मधेश अध्ययन* (स्थापित सन् २०१३) जर्नल हेर्नुहोस्। यो जर्नलका आठ अंक प्रकाशित छन्। यी अंकहरूमा मधेश प्रदेश र तराईका अन्य भागहरूबारे लेख र टिप्पणीहरू पाइन्छन्।

> कुनै पनि क्षेत्रमा अनुसन्धान केही समयको लागि दिगो हुने भनेको थोरै उत्कृष्ट विद्वान्को प्रतिभाले गर्दा नभई औसत शोधकर्तामा धैर्यपूर्वक गरिने क्षमता अभिवृद्धिको प्रयासले हो। थोमस कुहनले भनेको "सामान्य विज्ञान" ले कुनै पनि विषयमा अनुसन्धानको मेरुदण्डको काम गर्छ । विद्यार्थीलाई उत्कृष्ट अनुसन्धानका लागि प्रशिक्षित गर्न सकिँदैन, तर राम्रो अनुसन्धानका लागि उनीहरूलाई तयार गर्न सकिन्छ र गरिनुपर्छ। (दास १९९३ : ११५९)

अध्ययन-अनुसन्धानप्रति अभिरुचि राख्ने विद्यार्थीलाई मात्र तालिम दिएर सक्षम अनुसन्धाता बनाउन सकिन्छ । यसबाहेक, आफू स्वयं अनुसन्धानमा संलग्न र अनुसन्धान प्रशिक्षणका लागि प्रतिबद्ध शिक्षकहरू चाहिन्छ । अनुसन्धाताहरूको सहयोगी-समुदाय र उचित प्राज्ञिक पूर्वाधार (सेमिनार, कार्यशाला, राम्रो पुस्तकालय, जर्नल र अन्य प्राज्ञिक प्रकाशन) भएमा अनुसन्धानको निरन्तर उत्पादन तथा तिनको प्रसार र छलफल सम्भव हुन्छ । यस्तो वातावरण दीर्घ कालसम्म टिकाउन पर्याप्त आर्थिक स्रोत उपलब्ध हुनैपर्छ। तर, यी सबै अत्यावश्यक स्रोत-साधन र वातावरण अहिले मधेश प्रदेशमा उपलब्ध छैनन्। यहाँका चार ओटा क्याम्पसमा भर्ना भएका विद्यार्थीलाई अनुसन्धानमा खासै रुचि देखिँदैन । यस सम्बन्धमा फरक फरक दुई ओटा क्याम्पसमा अध्यापनरत शिक्षकका अवलोकन उल्लेख गर्नु सान्दर्भिक हुन्छ। जनकपुरस्थित रा.रा.ब. क्याम्पसका समाजशास्त्र विभाग प्रमुख सुशील यादवले बताए :

> समाजशास्त्रमा स्नातकोत्तर तहमा भर्ना भएका विद्यार्थी प्राय:जसो जागिरे छन् । तिनका लागि शोधपत्र लेखन भनेको डिग्री हात पार्न आवश्यक चिज मात्र हो। १०० विद्यार्थीमा ५–१० जना मात्र फिल्डमा गएर आफ्नो अनुसन्धानको काम गर्छन् र गम्भीरतापूर्वक शोधपत्र लेख्छन्।

यादवको भनाइको समर्थन गर्दै वीरगञ्जस्थित ठा.रा.ब. क्याम्पसका इतिहासका प्राध्यापक वासुदेव लाल दासले थपे :

> अहिलेका विद्यार्थी ज्ञान पाउनका लागि होइन प्रमाण पत्रका लागि अध्ययन गर्छन् । म प्रायः उनीहरूलाई “विद्यार्थी से बेसी प्रमाणपत्रधारी” [विद्यार्थीभन्दा ज्यादा प्रमाणपत्रधारी] भन्ने गर्छु ।

यी दुई शिक्षकका भनाइले मधेशमा अनुसन्धानप्रति विद्यार्थीको अरुचि एउटा मुख्य समस्या भएको बुझिन्छ । राजविराजस्थित म.वि.ब. क्याम्पसमा एम.ए. तेस्रो सेमेस्टरका समाजशास्त्रका विद्यार्थी श्यामसुन्दर यादवले भनेका कुराले त्यसलाई थप स्पष्ट पार्छ :

> म.वि.ब. क्याम्पसमा समाजशास्त्र विभागमा प्रायः “निष्कृय विद्यार्थी” छन् । हामी स्नातकोत्तर तहमा दुई प्रकारका विद्यार्थी छन् भन्न सक्छौँ । पहिलो, ती विद्यार्थी जो पहिले नै सरकारी/गैर-सरकारी संस्थामा पूर्णकालीन जागिर गरिरहेका छन् । दोस्रो, “विद्यार्थी राजनीति” मा संलग्न विद्यार्थी, जसलाई आफ्नो राजनीतिलाई टिकाउन क्याम्पस परिसर वरिपरि घुम्नुपर्ने हुन्छ । अनुसन्धानको कुरा छोड्नुस्, उनीहरूलाई शिक्षकबाट चाहिने भनेकै परीक्षा पास गर्न “सब्जेक्ट नोट” हो । यदि तपाईँले नियमित रूपमा कक्षा लिने विद्यार्थी फेला पार्नुभयो भने त्यो अपवाद हुनेछ ।[१२]

दोस्रो, विद्यार्थीमा अनुसन्धानप्रति कम चासो छ भनिरहँदा यी चार क्याम्पसमा अध्यापन गर्ने शिक्षकको बारेमा पनि सोही कुरा लागू हुन्छ । माथि चर्चा गरिए झैँ, त्यहाँ सामाजिक विज्ञान अनुसन्धानमा चाख राख्ने शिक्षक न्यून छन् । म.वि.ब. क्याम्पसका समाजशास्त्रका अध्यापक सुरेन्द्र यादवले भने :

> यो क्याम्पसमा समाजशास्त्र विषय पढाउने म एक्लो शिक्षक हुँ । त्यो पनि “पार्टटाइम” शिक्षक । मैले दिनमा पाँच ओटाभन्दा बढी कक्षा लिनुपर्छ । अनुसन्धानको लागि हामीलाई समान विचार राख्ने शिक्षकको समूह चाहिन्छ,

[१२] श्यामसुन्दर यादवसँग अप्रिल ८, २०२२ मा टेलिफोन मार्फत गरिएको कुराकानी ।

जुन यहाँ पाउन लगभग असम्भव छ । यो क्याम्पसमा दुई प्रकारका शिक्षक छन् : पुरानो र नयाँ पुस्ताका । पुरानाले कहिल्यै अनुसन्धानलाई गम्भीरतापूर्वक लिएनन् । नयाँहरू अनुसन्धान गर्न चाहन्छन् तर क्याम्पसमा सहकर्मीबाट पर्याप्त समर्थन पाउँदैनन् ।[१३]

यादवको भनाइले दुइटा कुरा बताउँछ : एउटा, धेरै शिक्षकलाई अनुसन्धानप्रति कुनै चासो छैन । अर्को, अनुसन्धानमा रुचि राख्नेले त्यो गतिविधिमा संलग्न हुन आवश्यक समय र प्रोत्साहन पाउँदैनन्, किनभने उनीहरू पढाउनमै धेरै व्यस्त रहनुपर्छ । साथै, क्याम्पसको वातावरण पनि अनुसन्धान-मैत्री छैन ।

तेस्रो, अनुसन्धानलाई निरन्तरता दिन अनुसन्धाताको सहयोगी समुदायको अभाव भएको कुरा उनीहरूले बताए । रा.रा.ब. क्याम्पसमा समाजशास्त्रमा एम.ए. तेस्रो सेमेस्टरका विद्यार्थी मनोज साहले भने :

दुई प्रमुख विषय (राजनीतिशास्त्र र समाजशास्त्र) मा थेसिस अनिवार्य छ । अहिलेसम्म मैले यो क्याम्पसमा कुनै पनि अनुसन्धान सेमिनारमा भाग लिएको छैन । यहाँका गतिविधि तदर्थवादका आधारमा चलिरहेका छन् । मुख्य उद्देश्य परीक्षा पास गर्न "स्मार्ट सोलुशन नोट" प्राप्त गर्नु र थेसिसका लागि "शर्टकट" फेला पार्नु हो । अहिलेसम्म मैले थेसिस लेखनको लागि मेरो क्याम्पसको विभागबाट अनुसन्धान पद्धतिको तालिम लिएको वा कुनै गम्भीर सल्लाह-सुझाव पाएको छैन ।[१४]

शिक्षकले अनुसन्धान सेमिनार/कार्यशाला सञ्चालन नगर्नु र विद्यार्थीलाई अनुसन्धानमा सुझाव वा सल्लाह नदिनुले ज्ञान उत्पादन कार्यमा मधेश प्रदेशमा

[१३] सुरेन्द्र यादवसँग अप्रिल ८, २०२२ मा टेलिफोन मार्फत गरिएको कुराकानी ।
[१४] मनोज साहसँग अप्रिल ८, २०२२ टेलिफोन मार्फत गरिएको कुराकानी ।

अवस्थित त्रि.वि.का आंगिक क्याम्पसका शिक्षकको चासो र प्रतिबद्धताको कमी दर्शाउँछ।

चौथो, पर्याप्त मात्रामा सन्दर्भ स्रोत र पढ्ने ठाउँको व्यवस्था सहितका पुस्तकालयको अभाव पनि अनुसन्धानको उचित वातावरण नभएको प्रमाण हो। चारै ओटा क्याम्पसका पुस्तकालय र सिराहा तथा जनकपुरका अन्य सार्वजनिक पुस्तकालयहरू अवलोकन गर्दा तिनको अवस्था सन्तोषजनक पाइएन। क्याम्पसका पुस्तकालयहरूमा मुख्यत: स्नातक एवं स्नातकोत्तर तहका पाठ्यपुस्तक मात्रै राखिएको पाइयो। यसरी राखिएका पुस्तकहरू पनि प्राय: अव्यवस्थित थिए। त्यहाँ अनुसन्धानका लागि उपयोगी हुने सन्दर्भ सामग्री थिएनन्। न ती पुस्तकालयमा कम्प्युटरहरू नै थिए। चार ओटै क्याम्पसका पुस्तकालयमा अनलाइन क्याटलग थिएनन्। यीमध्ये कुनै पनि पुस्तकालयको त्रि.वि.को केन्द्रीय पुस्तकालय मार्फत अनलाइन जर्नल र अनुसन्धान डाटाबेसमा पहुँच छैन। साथै, तिनमा विद्यार्थी र शिक्षकका लागि पढ्ने ठाउँ पनि पर्याप्त छैन। पुस्तक राखिएका दराजमा विद्यार्थी तथा शिक्षकको सीधा पहुँच पनि छैन। त्यसैले, विद्यार्थी र शिक्षक पुस्तकालयमा विरलै जान्छन्।[१५] यी चारओटा क्याम्पस रहेका शहरमा विद्यार्थी/शिक्षकले क्याम्पसको पुस्तकालयमा नभएका पुस्तक किन्न पाइने राम्रा पुस्तक पसल छैनन्। जति पनि पुस्तक पसल छन् तिनले लोकसेवा आयोगले लिने परीक्षाको तयारीका लागि उपयोगी विभिन्न "स्मार्ट सोलुशन नोट" र पाठ्य पुस्तक मात्र बिक्री गर्छन्।

पाँचौं, अनुसन्धानको वातावरणलाई सघाउने अर्को तत्त्व भनेको अनुसन्धान जर्नलहरूको नियमित प्रकाशन हो।[१६] मार्टिन चौतारी पुस्तकालयमा संकलित नेपाल भित्रबाट प्रकाशित जर्नलहरूको बृहत् सूचीमा मधेश प्रदेशका शैक्षिक संस्थाहरूबाट तीन ओटा जर्नल मात्र प्रकाशन भएको पाइयो। वास्तवमा, ती तीनओटै वीरगञ्जको ठा.रा.ब. क्याम्पस भित्रका विभिन्न एकाईहरूले प्रकाशन गरेका हुन्। *नेप्लीज जर्नल*

[१५] यो अनुच्छेद रा.रा.ब. क्याम्पसको पुस्तकालयका अरविन्द मिश्रसँग फेब्रुअरी १५, २०२२ मा टेलिफोन मार्फत गरिएको कुराकानीमा पनि आधारित छ।

[१६] नेपालमा मानविकी र सामाजिक विज्ञानका जर्नलहरूको प्रकाशनका विभिन्न आयामबारे विस्तृत जानकारीका लागि वन्त (सन् २०१०) हेर्नुहोस्।

*अफ इन्टिग्रेटेड साइन्सेज*का दुई अंक क्रमशः सन् २०११ र २०१२ मा प्रकाशित भएका थिए।[१७] *स्मार्ट जर्नल : ए जर्नल अफ एजुकेशलन रिसर्च*को एउटा अंक (सन् २०१३) मा प्रकाशित भएको थियो।[१८] त्यसपछि दुवै जर्नल बन्द भए। सन् २०११ मा स्थापित *एकेडेमिक भ्वाइसेज : ए मल्टिडिसिप्लिनरी जर्नल* ठा.रा.ब. क्याम्पसको वार्षिक प्रकाशन हो। त्यसयता यो नियमित प्रकाशन हुँदैआएको छ।[१९] तर, केही अपवादलाई छोड्ने हो भने, यस जर्नलका अधिकांश अनुसन्धान लेख मधेश प्रदेशका क्षेत्रीय सामाजिक-आर्थिक र सांस्कृतिक मुद्दामा केन्द्रित छैनन्।

प्राज्ञिक जर्नल लामो समय टिक्नका लागि आफ्ना अनुसन्धानमूलक लेख-रचना दिएर सम्पादक मण्डललाई सघाउने प्राज्ञिक समुदाय आवश्यक पर्छ। अनुसन्धान परम्परा कमजोर भएका अल्पविकसित देशहरूमा यस्तो सहयोगी समुदाय पाउनु चुनौतीपूर्ण छ। नेपालमा विभिन्न कारणले जर्नलहरू खुल्ने र तीमध्ये धेरै जर्नल छिट्टै बन्द हुने वा नियमित प्रकाशन हुन नसक्ने प्रमुख कारण यस्तो सहयोगको अभाव नै हो।[२०] *नेप्लीज जर्नल अफ इन्टिग्रेटेड साइन्सेज* बन्द हुनुमा पनि यही कारण जिम्मेवार छ। यो जर्नलका दुई कार्यकारी सम्पादकमध्ये एक जना वीरेन्द्रकुमार मिश्रले भने :

> हामीले जर्नलका लागि लेख बुझाउन आह्वान गर्दै सूचना राखेपछि केही व्यक्तिले हामीलाई आफ्ना लेख पठाए। केहीले उनीहरूका सामग्री प्रकाशित गर्न हामीलाई दबाब समेत दिए। यद्यपि, तिनीहरूमध्ये प्रायःले पर्याप्त अनुसन्धान गरेका थिएनन् र [हामीले तिनको समीक्षा गरेर पठाएपछि] आफ्ना लेख परिमार्जन गर्न पनि चाहेनन्। हामीले ठाकुरराम बहुमुखी क्याम्पसमा

[१७] ठा.रा.ब. क्याम्पसमा अवस्थित रिसर्च सोसाइटी अफ इन्टिग्रेटेड साइन्सेजले यो जर्नल प्रकाशन गरेको थियो। यसका दुई अंकको थप विवरण https://njis.webs.com/ मा पाउन सकिन्छ; अप्रिल १०, २०२२ मा हेरिएको।

[१८] यसको प्रकाशक ठा.रा.ब. क्याम्पस अन्तर्गतको स्टाटिस्टिकल एण्ड म्याथमेटिकल एशोसिएशन फर रिसर्च एण्ड टिचिङ हो।

[१९] यो जर्नलको १० अंक (सन् २०२०) सम्म मुद्रण भएर आइसकेको छ। तथापि, नेपाल जर्नल्स अनलाइन पोर्टलमा अंक ७ सम्म मात्रै अपलोड गरिएको छ। हेर्नुहोस् https://www.nepjol.info/index.php/AV/issue/archive; अप्रिल ११, २०२२ मा हेरिएको।

[२०] विस्तृत अध्ययनको लागि वन्त (सन् २०२१) हेर्नुहोस्।

> गरिएका केही शोध-पत्र हेर्‍यौँ र तिनीहरूलाई क्रमिक रूपमा प्राज्ञिक लेखमा ढाल्न सकिन्छ भन्ने ठान्यौँ। तर त्यो प्रयत्नले साकार रूप लिएन र उक्त प्रक्रियाप्रति हाम्रो आशा मर्‍यो। त्यसपछि हामीले जर्नलको प्रकाशनलाई अगाडि नबढाउने निर्णय गर्‍यौँ। अहिले त हामीले क्याम्पसबाट अवकाश पनि लिइसक्यौँ।[२१]

मधेश प्रदेशमा खँदिला जर्नलहरूको अभाव हुँदा जर्नल सम्पादन र प्रकाशन मार्फत प्रदेशमा अनुसन्धानको लागि राम्रो सहयोगी वातावरण बनाउनेबारे सोचिरहेका युवा प्राज्ञहरूमा निराशा छाएको छ।

अन्तमा, अनुसन्धानको लागि उपयुक्त वातावरण बनाउन अनुसन्धान कोष आवश्यक हुन्छ। त्रि.वि. प्रणाली शिक्षकले गर्ने अनुसन्धानबारे धेरै उदार र सहयोगी छैन। अनुसन्धान-वृत्तिहरू नगण्य छन्। विश्वविद्यालयमा कार्यरत शिक्षकका लागि विश्वविद्यालय अनुदान आयोग (यूजीसी) बाट केही अनुसन्धान सहयोग रकम उपलब्ध हुन सक्छ। तर अपवाद बाहेक त्यस्तो सहयोग रकम एक त सानो छ। अर्को, अनुदान आयोगबाट प्राप्त हुने त्यस्तो रकम लिन समेत धेरै प्रशासनिक झञ्झट र खर्च व्यहोर्नु पर्छ। यसै कारण आयोगले दिने त्यस्तो वृत्ति काठमाडौँ बाहिरका विश्वविद्यालय वा क्याम्पसमा कार्यरत शिक्षकका हकमा आकर्षक छैन।[२२]

मधेश प्रदेशका क्याम्पसहरूमा अनुसन्धाता उत्पादनमा संकट देखिनुमा के बजेट अभाव मात्र समस्या हो त? अहिलेसम्मको छलफलका आधारमा अनुसन्धाता तयार पार्न "बजेट" एक अत्यावश्यक शर्त त हो, तर मधेश प्रदेशको सन्दर्भमा बजेट मात्रै पर्याप्त छैन भन्ने हाम्रो बुझाइ छ। माथि उल्लेख गरिए झैँ, अनुसन्धान क्षमता वृद्धि गर्न "मेन्टरशिप" मार्फत विद्यार्थीको निरन्तर प्रशिक्षण, राम्रो पुस्तकालय र जर्नल मार्फत ज्ञानका स्रोतमा पहुँच, र निकट रहेका अनुसन्धान समुदायका सदस्यहरूबाट

[२१] मिश्रसँग फेब्रुअरी २३, २०२२ मा टेलिफोन मार्फत गरिएको कुराकानी। अन्य जर्नलका सम्पादकहरूले पनि नेपालका विश्वविद्यालयहरूमा गरिने एम.ए. वा माथिल्लो तहका शोधपत्रहरूलाई जर्नल लेखमा रूपान्तरित गर्न सकिन्छ भन्ने ठानेर प्रयास गरेको देखिन्छ (हेर्नुहोस् हुमागाईं सन् २०११)।

[२२] नेपालका विश्वविद्यालयमा प्राज्ञिक अनुसन्धानका लागि उपलब्ध आर्थिक पूर्वाधारबारे थप जान्न उप्रेती र पराजुली (सन् २०१६) हेर्नुहोस्।

सहयोग आवश्यक पर्दछ । अनुसन्धान कर्मका यी संरचनात्मक पक्षको अहिले अभाव देखिएकाले आर्थिक स्रोतको उपलब्धताले मात्रै मधेश प्रदेशको अनुसन्धान परिदृश्यमा छिट्टै परिवर्तन ल्याउँदैन । यो कुरा उदाहरणबाट पनि प्रष्ट्याउन सकिन्छ : सन् २०१५ मा नयाँ संविधान जारी भएर नेपाल संघीय राज्य बनेपछि स्थानीय र प्रादेशिक तहमा अनुसन्धान र अनुसन्धानका लागि स्रोत छुट्ट्याइएको छ । मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०७८/०७९ को बजेटमा १ करोड ५० लाख रुपैयाँ मधेशको इतिहास लेखनलाई सहयोग गर्न छुट्ट्याएको छ (हेर्नुहोस् मधेश सरकार २०७८) । तर प्रदेशमा सक्षम अनुसन्धाता नहुँदा र केही प्रक्रियागत ढिलाइका कारण अहिलेसम्म यो अनुसन्धान हुन सकेको छैन ।[२३] त्रि.वि.का चार ओटा आंगिक क्याम्पस (र प्रदेशका अन्य क्याम्पसहरू) ले अनुसन्धानको दक्ष ज्ञान सहितको जनशक्ति उत्पादन गरेको भए मधेशको इतिहासको अनुसन्धान अहिले शुरू भइसकेको हुन्थ्यो भन्न सकिन्छ ।

संक्षेपमा भन्नुपर्दा, मधेश प्रदेशमा अनुसन्धाता उत्पादनमा आएको संकट विद्यार्थीको अनुसन्धानमा रुचि नहुनु, इच्छुक र दक्ष शिक्षकको नेतृत्वमा मेन्टरशिप व्यवस्था नहुनु, र राम्रा पुस्तकालय र अनुसन्धान जर्नलहरू सहितको अनुसन्धानलाई सघाउने शैक्षिक पूर्वाधार नहुनु जस्ता विभिन्न कारणको एकमुष्ट परिणाम हो । यस्तो परिवेशमा चार ओटा क्याम्पसमा विद्यार्थीलाई दक्ष अनुसन्धाता बन्ने-बनाउने सम्भावना न्यून छ ।[२४] र, यो नै मधेश प्रदेशमा मानविकी र सामाजिक विज्ञान शिक्षण र अनुसन्धानको मुख्य संकट हो ।[२५]

[२३] मधेश प्रदेश सरकारका मुख्य न्यायाधिवक्ता दीपेन्द्र झासँग अप्रिल ११, २०२२ मा टेलिफोन मार्फत गरिएको कुराकानी ।

[२४] मधेश प्रदेशका अधिकांश सार्वजनिक बुद्धिजीवीहरू त्रि.वि. प्रणालीभन्दा बाहिर छन् । उनीहरू सक्रिय रूपमा लेख्छन् (धेरैजसो साहित्यिक लेखन) र अनुसन्धान पनि गरिरहेका हुन्छन्, तर ती मानविकी र सामाजिक विज्ञान अनुसन्धानमा आधारित अनुसन्धान लेखहरू विरलै लेख्छन् ।

[२५] लुम्बिनी प्रदेशका तीन जिल्लामा मानविकी र सामाजिक विज्ञान शिक्षण र अनुसन्धानको अवस्थाको तुलनात्मक टिप्पणीको लागि मार्टिन चौतारी (सन् २०१९) हेर्नुहोस् ।

## अन्य वृत्तमा पर्ने असर

यो शोध-संक्षेपले मधेश प्रदेशमा मानविकी र सामाजिक विज्ञान अनुसन्धानको अवस्थाबारे जानकारी गरायो। यो जानकारी त्रि.वि.का चारओटा आंगिक क्याम्पसमा मानविकी र सामाजिक विज्ञान विषयहरूमा विद्यार्थी संख्या र शिक्षकसँग सम्बन्धित तथ्यांकमा केन्द्रित थियो। यसले ती क्याम्पसमा सक्षम अनुसन्धाताको उत्पादन प्रक्रियामा देखा परेका चुनौतीका लागि जिम्मेवार तत्त्वहरूको पनि विश्लेषण गर्‍यो। अनुसन्धानबाट प्राप्त विवरणका आधारमा मधेश प्रदेशमा मानविकी र सामाजिक विज्ञान शिक्षण र अनुसन्धान तालिमको अवस्था दयनीय छ भन्न सकिन्छ। फलस्वरूप, सामाजिक अनुसन्धान र अनुसन्धानजन्य अन्य गतिविधिमा संलग्न भएका व्यक्तिहरूको संख्या पनि कम छ। यी सबै तथ्यले समग्र मधेश प्रदेशको मानविकी र सामाजिक विज्ञान अनुसन्धान-क्षमता कमजोर भएको देखाउँछ, जसले गर्दा प्राज्ञिक र गैर-प्राज्ञिक प्रयोजनका लागि आवश्यक अनुसन्धान गर्न बाधा पुगेको छ।

यहाँ अध्ययन गरिएका त्रि.वि.का चार ओटा आंगिक क्याम्पसको दयनीय अवस्थाले बाहिरी वृत्तमा के असर पार्ला भन्ने प्रश्न महत्त्वपूर्ण छ। पहिलो, प्रादेशिक र स्थानीय तहमा अनुसन्धानका लागि आवश्यक सक्षम जनशक्तिको अभाव व्यापक रूपमा महशुश गरिएको छ। मधेश प्रदेशमा प्रादेशिक वा स्थानीय सरकारका लागि आवश्यक अनुसन्धानमूलक काम गर्न त्रि.वि.का आंगिक क्याम्पसमा कार्यरत शिक्षक वा ती क्याम्पसबाट उत्पादित जनशक्तिमा भरपर्न सकिने अवस्था देखिँदैन। साथै, मधेश प्रदेशको पत्रकारिता र सार्वजनिक जीवनका अन्य महत्त्वपूर्ण क्षेत्रले पनि यस्तो अभावको असर भोगिरहेका छन्।

दोस्रो, नेपाल संघीय गणतन्त्र बन्ने क्रममै छ; यसका सबै अवयवले पूर्ण रूपमा काम गर्न थालिसकेका छैनन्। यो सन्धिकालबाट गुज्रँदै गर्दा तीनै तह—संघीय, प्रादेशिक र स्थानीय—का सरकारहरूले सामना गर्नुपरेका चुनौतीहरू थप जटिल बन्दै गएका छन्। यी चुनौतीलाई भुइँ तहबाट बुझ्न र प्रादेशिक एवं स्थानीय सरकारलाई नीतिगत विकल्पबारे सुझाव दिन नीति अनुसन्धानका लागि दक्ष र स्थानीय जनजीवनमा भिजेका प्राज्ञहरूको एउटा जमात आवश्यक छ। स्थानीय वा प्रादेशिक

तहमा त्यस्तो जमात उपलब्ध नहुँदा काठमाडौँको प्रमुख राजनीतिक वर्गले मच्चाउने कोकोहोलो देशभरको जनजीवनमा हावी भइराख्छ। यस्तो हुँदा प्रादेशिक र स्थानीय सरकारको तहमा साँच्चै सम्बोधन गरिनुपर्ने विषयहरूले स्थानीय सार्वजनिक वृत्तमा ठाउँ पाउँदैनन्; संघीय सार्वजनिक वृत्तमा ठाउँ पाउने त झन् टाढाको कुरा भयो।

अन्तमा, सीमान्तकृत समुदायका सदस्यहरूले स्थानीय र प्रादेशिक सार्वजनिक क्षेत्रमा आफ्नो आवाज उठाउने प्रयास गर्दा उनीहरूलाई आफ्नो जीवन, जीविकोपार्जन र सामाजिक इज्जतका लागि महत्त्वपूर्ण मुद्दाको वकालत गर्न अनुसन्धान-कौशल चाहिन्छ।[२६] विगतमा भएका र भविष्यमा हुन सक्ने आफ्ना समुदायका अधिकारहरूको उल्लंघनको अभिलेखीकरण गर्न र लोकतन्त्रमा उनीहरूको मौलिक अधिकारको वकालत गर्न पनि यस्ता अनुसन्धान-कौशल आवश्यक हुन्छन्।[२७] क्याम्पसमा अध्ययन-अध्यापन तथा अनुसन्धान प्रशिक्षण कमजोर हुँदा सीमान्तकृत समुदायका सदस्य नै बढी मर्कामा पर्छन्। नेपालको बढ्दो चुनौतीपूर्ण राजनीतिक परिवेशमा सामाजिक न्यायको लडाइँमा सरिक हुन न उनीहरू, न उनीहरूका निकट समर्थक नै आवश्यक अनुसन्धान-कौशलले सुसज्जित छन्।

## धन्यवाद

यो अनुसन्धान मार्टिन चौतारीका अनुसन्धाता सोहन प्रसाद साहले गरेका हुन्। पहिले अंग्रेजी भाषामा साह र प्रत्यूष वन्तद्वारा लेखिएको यो शोध-संक्षेप महेशराज महर्जनले अनुवाद गरेका हुन्। शोध संक्षेपका विभिन्न मस्यौदा पढी हर्षमान महर्जन, लोकरञ्जन पराजुली, देवराज हुमागाईं, देवेन्द्र उप्रेती, रुख गुरुङ, श्याम कुँवर र सञ्जिला मोक्तानले प्रतिक्रिया दिएका थिए। मार्च २०, २०२२ मा मार्टिन चौतारीको नियमित छलफल शृंखलामा यो अनुसन्धान प्रस्तुत गर्दा उपयोगी सुझाव दिएर यसलाई परिस्कृत गर्न मद्दत गर्ने सहभागीहरूलाई पनि धन्यवाद छ। यो शोध अनुसन्धान तथा प्रकाशनका लागि नेशनल इन्डाउमेन्ट फर डेमोक्रेसीको आर्थिक सहयोग रहेको छ।

[२६] यो विचार अप्पादुराई (सन् २००६) बाट प्रभावित छ।

[२७] यो तर्कबारे साह (सन् २०२०) र मार्टिन चौतारी (सन् २०२०) मा लामो चर्चा गरिएको छ।

## सन्दर्भ-स्रोत

उप्रेती, देवेन्द्र र लोकरञ्जन पराजुली । सन् २०१६ । नेपालमा प्राज्ञिक अनुसन्धानका लागि "आर्थिक पूर्वाधार" को उपलब्धता : प्रारम्भिक टिप्पणी । *समाज अध्ययन* ११ : १८७–२०८ ।

नेपाल सरकार । २०७६ । *प्रदेश नम्बर २ को जनसांख्यिकीय स्थिति* । जनकपुरधाम : प्रदेश नीति तथा योजना आयोग ।

भुदेर, युगलप्रसाद । २०६२ । श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस सिराहाको रजत जयन्ती समारोह २०६२ को उपलक्ष्यमा प्रस्तुत प्रतिवेदन । अप्रकाशित, सिराहा ।

मधेश सरकार । २०७८ । *रातो किताब २०७८/७९* । जनकपुर : अर्थ मन्त्रालय ।

विष्ट, तीर्थ र चिरन मानन्धर, संकलक । सन् २००९ । *तराई-मधेश सन्दर्भ ग्रन्थ* । काठमाडौँ : मार्टिन चौतारी ।

साह, सोहन प्रसाद । सन् २०२० । पैदल अनुसन्धान : अवधारणा र अभ्यास । *पैदल अनुसन्धान : प्रयोग र उपलब्धि* । सोहन प्रसाद साह र महेशराज महर्जन, सं., पृ. १–२० । काठमाडौँ : मार्टिन चौतारी ।

हुमागाईं, देवराज । सन् २०११ । *मिडिया अध्ययन*को पाँच वर्षलाई फर्केर हेर्दा । *मिडिया अध्ययन* ६ : १-१४ ।

Appadurai, Arjun. 2006. The Right to Research. *Globalisation, Societies and Education* 4(2): 167–177.

Das, Veena. 1993. Sociological Research in India: The State of Crisis. *Economic and Political Weekly* 28(23): 1159–1161.

Deshpande, Satish. 2002. Social Science Research Capacity in South Asia: Some Questions for Discussion. *Economic and Political Weekly* 37(35): 3628–3630.

GoN (Government of Nepal). 2020. *Economic Survey: 2019–2020*. Kathmandu: GoN.

Martin Chautari. 2019. *Institutional Assessment of Rights-based Advocacy in the Western Tarai*. Research Brief no. 25. Available at https://martinchautari.org.np/mc-publications/37; accessed April 10, 2022.

Martin Chautari. 2020. *'Writing as an Activism': Barefoot Research Initiative in Nepal*. Research Brief no. 29. Available at https://martinchautari.org.np/mc-publications/41; accessed April 10, 2022.

Onta, Pratyoush. 2010. The Landscape of Social Science and Humanities Journals Published from Nepal: An Analysis of Its Structural Characteristics. *Studies in Nepali History and Society* 15(2): 331–380.

Onta, Pratyoush. 2021. (Almost) Always Occasional: The World of Sociology and Anthropology Journals Published in Nepal. In *Practices of Sociology in Nepal*. Pranab Kharel and Gaurab KC, eds., pp. 79–119. Kathmandu: Vajra Books.

Parajuli, Biswo Kalyan, ed. 2008. *Sociology and Anthropology in Nepal: Proceedings of National Workshop on Past, Present and Future of Sociology/Anthropology in Nepal (1–2 December 2007)*. Pokhara: Department of Sociology and Anthropology (DSA), Prithvi Narayan Campus.

Rupakheti, Sanjog. 2000. Tarai Studies: A Bibliography. *Studies in Nepali History and Society* 5(2): 299–349.

UGC (University Grants Commission). 2021. *Education Management Information System: Report on Higher Education, 2019/2020*. Bhaktapur: UGC.

सार्वजनिक संवाद र सार्वजनिक बहसको गुणस्तर उकास्नु मार्टिन चौतारीको शुरू देखिकै उद्देश्य हो। नेपालमा बहस र अन्तर्क्रियाको अभ्यास निकै कम हुने बेलामा स्थापित मार्टिन चौतारी अहिले पनि अनौपचारिक तर गहन सार्वजनिक छलफल गर्ने थलोका रूपमा देशभर परिचित छ। यहाँ सातामा दुई दिन विविध विषयमा छलफल हुन्छ। यस बाहेक सत्ता संरचनामा आइरहेको परिवर्तन, ज्ञान उत्पादनका स्थल र संस्थाका चरित्र र गतिविधि, र नेपाली समाजमा भइरहेको भौतिक रूपान्तरणका विभिन्न आयाम जस्ता विषयमा गणतान्त्रिक बहुलताको सन्दर्भमा र लैंगिक, भौगोलिक तथा सामाजिक समावेशीकरणको दृष्टिकोण सहित चौतारीले अनुसन्धान गर्दै आएको छ। युवा अनुसन्धातालाई अनुसन्धानको व्यावहारिक प्रशिक्षण दिने काम (मेन्टरिङ) पनि चौतारीको अभिन्न पाटो हो।

अहिलेसम्म चौतारीले १०७ ओटा पुस्तक, ८६ ओटा सन्दर्भ सूची, ३२ ओटा शोध-संक्षेप/नीति-पत्र तथा विभिन्न अनुसन्धान प्रतिवेदन प्रकाशन गरिसकेको छ। सन् १९९६ देखि निरन्तर प्रकाशन हुँदै आइरहेको जर्नल *स्टडीज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* र सन् २००६ देखि प्रकाशन हुन थालेको *मिडिया अध्ययन* (सन् २०१६ देखि *समाज अध्ययन* नामकरण गरिएको) को सम्पादकीय गृह पनि चौतारी हो। सन् २००६ देखि मार्टिन चौतारीले अनुसन्धान पुस्तकालय र मिडिया डकुमेन्टेशन सेन्टर सार्वजनिक उपयोगका लागि खुला गरेको छ। पुस्तकालयमा २५ हजारभन्दा बढी पुस्तक छन्।

मार्टिन चौतारीका पाँच काम—छलफल, अनुसन्धान, अनुसन्धान प्रशिक्षण, प्रकाशन र पुस्तकालय—आपसमा अन्तरसम्बन्धित छन्। समष्टिमा यिनले सुसूचित संवाद र विश्लेषण मूलक अनुसन्धान मार्फत राज्य र नागरिक बीचको सामाजिक सम्बन्धलाई सबल पार्ने र समावेशी सार्वजनिक वृत्त विस्तार गर्ने चौतारीको मुख्य उद्देश्यलाई सघाइरहेका छन्।

**From**
Martin Chautari
27 Jeetjung Marg,Thapathali
GPO Box 13470
Kathmandu, Nepal
Tel: +977-1-4102027/5338050
Fax: +977-1-5340059
chautari@mos.com.np
www.martinchautari.org.np

______________________

______________________

______________________